**बूढानीलकण्ठ स्कूलका भूतपूर्व विद्यार्थीको समाज (SEBS) को विधानको संशोधनको तिन महले**

| दफा | साबिकको व्यवस्था | संशोधित विधान | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| नाम | बूढानीलकण्ठ स्कूलका भूतपूर्व विद्यार्थीहरुको संगठन (SEBS) को विधान २०५२ | दफाहरुमा Society को नेपाली रुपान्तरण संगठन रहेकोमा जस्तै: बूढानीलकण्ठ स्कूलका भूतपूर्व विद्यार्थीहरुको संगठन (SEBS) को विधान २०५२ लाई ति दफाहरुमा संगठनको स्थानमा समाज शब्दले संशोधन गरेको जस्तै: बूढानीलकण्ठ स्कूलका भूतपूर्व विद्यार्थीहरुको समाज (SEBS) को विधान २०५२ | समाज शब्दले सेब्सको भूमिका दर्शाउने भएकाले। |
| | **परिच्छेद - १**<br>**प्रारम्भिक** | | |
| २ | परिभाषा | | |
| (२) | "संगठन" भन्नाले यस विधान बमोजिम संगठित बूढानीलकण्ठ स्कूलका भूतपूर्व विद्यार्थीहरुद्वारा स्थापित संगठन, SEBS लाई जनाउँछ। | "समाज" भन्नाले यस विधान बमोजिम संगठित बूढानीलकण्ठ स्कूलका भूतपूर्व विद्यार्थीहरुद्वारा स्थापित समाज SEBS लाई जनाउँछ। | समाज शब्दले सेब्सको भूमिका दर्शाउने भएकाले। |
| (४) | "विधान" भन्नाले संगठनको मूल कानून सम्झनु पर्दछ। | "विधान" भन्नाले समाजको मूल कानून सम्झनु पर्दछ। | समाज शब्दले सेब्सको भूमिका दर्शाउने भएकाले। |
| (५) | "सदस्य" भन्नाले यस संगठनको सदस्यलाई सम्झनु पर्दछ। | "सदस्य" भन्नाले यस समाजको सदस्यलाई सम्झनु पर्दछ। | समाज शब्दले सेब्सको भूमिका दर्शाउने भएकाले। |
| (६) | "अध्यक्ष" भन्नाले यस संगठनको अध्यक्षलाई सम्झनु पर्दछ। | "अध्यक्ष" भन्नाले यस समाजको अध्यक्षलाई सम्झनु पर्दछ। | समाज शब्दले सेब्सको भूमिका दर्शाउने भएकाले। |
| ४ | संस्थाको कार्यालय | | |
| (१) | यस संगठनको प्रधान कार्यालय काठमाण्डौमा रहनेछ। प्रधान कार्यालयको स्वीकृती लिई अन्य स्थानहरुमा शाखा कार्यालय समेत खोल्ने सकिने छ। | यस समाजको प्रधान कार्यालय काठमाण्डौ उपत्यकामा रहनेछ। प्रधान कार्यालयको अनुमतिमा सम्बन्धीत स्थानीय अधिकारीको स्वीकृती लिई अन्य स्थानहरुमा शाखा कार्यालय खोल्न सकिने छ। | समाज शब्दले सेब्सको भूमिका दर्शाउने भएकाले। |
| (२) | शाखा कार्यालयले प्रधान कार्यालयको मातहतमा रही काम गर्नु पर्नेछ। | विभिन्न स्थानमा छरिएर रहेका बूढानीलकण्ठ स्कूलका भूतपूर्व | विभिन्न स्थानमा छरिएर रहेका बूढानीलकण्ठ स्कूलका |

| | | | |
|---|---|---|---|
| | | विद्यार्थीहरु लाई प्रचलित कानून अन्तर्गत रही संगठित रुपमा यस समाजको मूल उद्देश्य अनुरुप कार्यहरु गर्न प्रोत्साहित गरिनेछ र उक्त प्रयोजनको लागि यस समाजले समन्वय गरी कार्य गर्ने छ । | भूतपूर्व विद्यार्थीहरु लाई संगठित गर्न आवश्यक भएकोले । |
| | **परिच्छेद - २** | | |
| ५ | उद्देश्य | | |
| (२) | राजनैतिक नीति :- | | |
| | यस संगठनले राजनैतिक तटस्थता अङ्गाल्नेछ र सदा सर्वदा राजनीतिबाट अलग र चोखो रहनेछ । | यस समाजले राजनैतिक तटस्थता अङ्गाल्नेछ र सदा सर्वदा राजनीतिबाट अलग र चोखो रहनेछ । | समाज शव्दले सेब्सको भुमिका दर्शाउने भएकाले । |
| (३) | धार्मिक नीति :- | | |
| | यस संगठनले धार्मिक सहिष्णुता तथा सह-अस्तित्वको कदर गर्दै जातीय भेदभाव तथा रंगभेद नीतिलाई सदा सर्वदा वर्जित गर्नेछ । | यस समाजले धार्मिक सहिष्णुता तथा सह-अस्तित्वको कदर गर्दै जातीय भेदभाव तथा रंगभेद नीतिलाई सदा सर्वदा वर्जित गर्नेछ । | समाज शव्दले सेब्सको भुमिका दर्शाउने भएकाले । |
| | **परिच्छेद - ३**<br>**सदस्यता** | | |
| ६ | | | |
| १ | सदस्यताको प्रकार : | | |
| | यस संगठनमा निम्न चार प्रकारका सदस्यहरु रहनेछन् । | यस समाजमा निम्न पाँच प्रकारका सदस्यहरु रहनेछन् । | सदस्यताको प्रकार थप गर्न आवश्यक भएकोले । |
| (ङ) | सात्विकमा व्यवस्था नभएको | संस्थागत सदस्य | यस समाजमा सदस्यहरुका संगठित संस्थाहरुलाई समेट्नको लागि थप गरिएको । |
| २ | सदस्यताको योग्यता | | |

| | | | |
|---|---|---|---|
| (क) | साधारण सदस्य | साधारण सदस्य | साधारण सदस्यहरुको लागि दर्ता गरिरहनु पर्ने प्रावधान हटाईएको । |
| | बूढानीलकण्ठ स्कूलमा कम्तीमा पनि एक शैक्षिक वर्ष अध्ययन गरेको र उक्त सदस्यको शैक्षिक समूहले प्लस दुई वा सो सरहको शैक्षिक तह पार गरेको सम्पूर्ण भूतपूर्व विद्यार्थी तोकिएको दर्ता शुल्क तिरी यस संगठनको साधारण सदस्य बन्न सक्नेछ । | बूढानीलकण्ठ स्कूलमा कम्तीमा पनि एक शैक्षिक वर्ष अध्ययन गरेको र उक्त सदस्यको शैक्षिक समूहले माध्यमिक तहको शैक्षिक तह पार गरेको सम्पूर्ण भूतपूर्व विद्यार्थी यस समाजको स्वत: साधारण सदस्य हुनेछन् | |
| (ख) | सक्रिय सदस्य | सक्रिय सदस्य | |
| | साधारण सदस्यता प्राप्त गरिसकेको व्यक्तिले नियमानुसार हरेक वर्ष तोकिएको नविकरण शुल्क तिरी दर्ता नविकरण गरेको खण्डमा उक्त व्यक्ति संगठनको सक्रिय सदस्य मानिनेछ । | साधारण सदस्यहरु नियमानुसार तोकिएको शुल्क तिरी समाजको सक्रिय सदस्यता प्राप्त गर्न सक्नेछन् । सक्रिय सदस्यता तोकिएको अवधि भित्र नविकरण गराउनु पर्नेछ । | तोकिएको अवधिसम्म सक्रिय सदस्यता कायम हुने गरी संशोधन गरिएको । |
| (ङ) | संस्थागत सदस्य | | |
| | व्यवस्था नभएको | विभिन्न स्थानमा छरिएर रहेका बूढानीलकण्ठ स्कूलका भूतपूर्व विद्यार्थीहरु लाई प्रचलित कानून अन्तर्गत रही संगठित रुपमा यस समाजको मूल उद्देश्य अनुरुप कार्यहरु गर्न चाहेको खण्डमा बहालवाला कार्यकारिणी समितिबाट स्वीकृत भएपछि तोकिएको दर्ता शुल्क लिइ संस्थागत सदस्यता प्रदान गर्न सकिनेछ । संस्थागत सदस्यता तोकिएको अवधि भित्र नविकरण गराउनु पर्नेछ । | विभिन्न स्थानमा छरिएर रहेका बूढानीलकण्ठ स्कूलका भूतपूर्व विद्यार्थीहरु लाई संगठित गर्न आवश्यक भएकोले । |
| ७ | सदस्यको कर्तव्य | | |
| | यस संगठन प्रति आस्था राख्नु र यस विधानको मर्यादा राख्नु प्रत्येक सदस्यको मूल कर्तव्य हुनेछ । | यस समाज प्रति आस्था राख्नु र यस विधानको मर्यादा राख्नु प्रत्येक सदस्यको मूल कर्तव्य हुनेछ । | समाज शब्दले सेब्सको भुमिका दर्शाउने भएकाले । |
| ९ | सदस्यता निलम्वन र खारेजी | | |

| | | | |
|---|---|---|---|
| (९) | कुनै सदस्यले संगठनको हितमा आँच पुऱ्याउने कुनै काम कारवाही गरेको जानकारी आएमा कार्यकारिणी समितिले उक्त विषयमा सूक्ष्म अध्ययन गरी नीज सदस्यलाई कारवाही गर्न मनासिव ठहराएमा साधारण सभा बोलाउने छ। साधारण सभामा उपस्थित सदस्य संख्याको बहुमतले कारवाही गर्ने निर्णय गरेको खण्डमा उक्त सदस्यको सदस्यता निर्णयको मिति देखि बढिमा पाँच वर्ष सम्मका लागि रद्द हुनेछ। | कुनै सदस्यले समाजको हितमा आँच पुऱ्याउने कुनै काम कारवाही गरेको जानकारी आएमा कार्यकारिणी समितिले उक्त विषयमा सूक्ष्म अध्ययन गरी नीज सदस्यलाई कारवाही गर्न मनासिब ठहराएमा साधारण सभामा प्रस्ताव पेश गर्ने छ । साधारण सभामा उपस्थित सदस्य संख्याको बहुमतले कारवाही गर्ने निर्णय गरेको खण्डमा साधारण सभाले उक्त सदस्यको सदस्यता निर्णयको मिति देखि बढिमा पाँच वर्ष सम्मका लागि निलम्बन गर्न सक्नेछ। | स्पष्ट पारिएको र रद्दको सट्टा निलम्बन शब्द प्रयोग गरिएको। |
| | परिच्छेद - ४<br>साधारण सभा तथा कार्य समिति | | |
| ११ | साधारण सभाको बैठक | | |
| (३) | वार्षिक साधारण सभाको बैठक साधारणतया असार महिनामा सम्पन्न गरिनेछ । आवश्यक परेमा अरु कुनै समयमा साधारण सभाको बैठक बस्न सक्नेछ। | वार्षिक साधारण सभाको बैठक साधारणतया पौष महिना भित्र सम्पन्न गरिनेछ। आवश्यक परेमा अरु कुनै समयमा साधारण सभाको बैठक बस्न सक्नेछ। | लेखा परीक्षण प्रतिवेदन पेश गर्ने समयसँग मिलान गरिएको। |
| १२ | साधारण सभाको काम, कर्तव्य र अधिकार | | |
| (३) | वार्षिक साधारण सभामा आय व्ययको विवरण, नीति तथा कार्यक्रम पेश हुनुका साथै छलफल हुनेछ। | वार्षिक साधारण सभामा लेखापरिक्षकको प्रतिवेदन र वार्षिक प्रतिवेदन आय व्ययको विवरण, नीति तथा कार्यक्रम पेश हुनुका साथै छलफल तथा अनुमोदन हुनेछ। | स्पष्ट पार्नुका साथै लेखा परीक्षण प्रतिवेदन पेश गर्नु पर्ने प्रावधान थप गरिएको। |
| (४) | साधारण सभाको निर्णय उपर गरिने मतदानमा सदस्यता दर्ता गरिएका सदस्यहरुलाई मात्र भाग लिन दिईनेछ । मतदानमा आगन्तुक सदस्यहरुले भाग लिन पाउने छैनन्। | साधारण सभामा निर्णयको लागि हुने मतदानमा सक्रिय र आजीवन सदस्यले मात्र भाग लिन पाउने छन् । साधारण, आगन्तुक तथा संस्थागत सदस्यले भाग लिन पाउने छैनन्। | सक्रिय र आजीवन सदस्यले मात्र मतदान गर्न पाउने भएको हुँदा सोहि बमोजिम मिलाईएको। |

| | | | |
|---|---|---|---|
| १३ | कार्यकारिणी समितिको व्यवस्था | | |
| (१) | कार्यकारिणी समिति बढीमा १३ (तेह्र) सदस्यीय हुनेछ । | कार्यकारिणी समिति कुल १५ (पन्ध्र) सदस्यीय हुनेछ । | कार्यकारिणी समितिको संख्या बढाउन आवश्यक देखिएकोले । |
| (२) | कार्यकारिणी समितिमा ९ निर्वाचित सदस्यहरु हुनेछन् । जसमा १ (एक) अध्यक्ष, १ (एक) उपाध्यक्ष, १ (एक) महासचिव, १ (एक) कोषाध्यक्ष र पाँच सदस्यहरु हुनेछन् । | कार्यकारिणी समितिमा १० जना निर्वाचित सदस्यहरु हुनेछन् । जसमा १ (एक) अध्यक्ष, २ (दुई) उपाध्यक्ष, १ (एक) महासचिव, १ (एक) कोषाध्यक्ष र पाँच सदस्यहरु हुनेछन् । | २ जना उपाध्यक्ष रहने व्यवस्था गरिएकोले । |
| (३) | १ (एक) सदस्य सचिवको व्यवस्था गरिनेछ जो कार्यकारिणी समितिले आफ्नो पदभार ग्रहण गरेपछि मनोनित गर्नेछ । | हटाइएको | महासचिवको व्यवस्था भएको र सदस्य सचिवको काम महासचिवले गर्ने हुँदा आवश्यक नभएकोले । |
| (४) | कार्यकारिणी समितिमा ३ जना थप मनोनित सदस्यहरु रहने छन् । जसमा एक जना कार्यकारिणी समितिले मनोनित गर्नेछ र अन्य दुई सदस्यहरु बूढानीलकण्ठ स्कूलमा उच्च माध्यामिक स्तरमा अध्ययनरत विद्यार्थीहरुले आफू मध्येबाट छनोट गरी पठाएको प्रतिनिधि हुनेछ । | निवर्तमान अध्यक्ष कार्यकारिणी समितिको पदेन सदस्य हुने छ । साथै कार्यकारिणी समितिमा थप ४ जना मनोनित सदस्यहरु रहने छन् । | निवर्तमान अध्यक्ष पदेन सदस्य रहने र कार्याकारिणी समितिका सदस्यहरु थप गरिएकोले । उच्च माध्यामिक स्तरमा अध्ययनरत विद्यार्थीहरु सदस्य नरहने भएकोले हटाएको । |
| (६) | कार्यकारिणी समितिको पदावधि सामान्यतया २ (दुई) वर्षको हुनेछ । कुनै कारणवस तोकेको अवधिमा समितिको गठन हुन नसके बढीमा १ (एक) महिना पुरानै कार्यकारिणी समितिले कार्य गर्नेछ । सो समय भित्र पनि कुनै कारणवस कार्यकारिणी समिती गठन हुन नसकेमा सल्लाहकार समितिले समाजको सम्पूर्ण कारवाही आफ्नो हातमा लिई (१) एक महिना भित्र नयाँ कार्य समितिको निर्वाचन गराउने व्यवस्था गर्ने छ । | कार्यकारिणी समितिले प्रत्येक दुई बर्षमा निर्वाचन गराउनु पर्नेछ । यदि दुई बर्ष भित्रमा निर्वाचन हुन नसकेमा वा आपतकालीन अवस्था भएमा कार्यकारिणी समितिले ६ महिना थप गर्न सक्नेछ । | आवश्यक भएकोले । |
| १५ | कार्यकारिणी समितिको काम कर्तव्य र अधिकार | | |

| | | | |
|---|---|---|---|
| (७) | समितिको लिखित पूर्व स्वीकृती नलिई लगातार ३ (तीन) पटकसम्म कार्यकारिणी समितिको बैठकमा अनुपस्थित भएमा सो सदस्य स्वतः कार्य समितिको सदस्यबाट निस्कापित भएको मानिनेछ। | हटाईएको र दफा २२(२)(घ) मा सारिएको | दफा २२(२)(घ) मा व्यवस्था गरिएको हुनाले। |
| (८) | साविकमा व्यवस्था नभएको। | समाजको तर्फबाट विभिन्न संस्था तथा निकायहरुमा प्रतिनिधिहरुलाई नियुक्त गर्ने र फिर्ता बोलाउने अधिकार हुनेछ।<br>सो प्रतिनिधिहरुले सभामा कसरी मत हाल्ने भनी निर्देशन दिने र सहभागिता सुनिश्चित गर्ने अधिकार समेत रहनेछ। | कार्यकारिणी समितिको काम कर्तव्य र अधिकार थप गर्नु पर्ने भएकोले। |
| (९) | साविकमा व्यवस्था नभएको। | दफा २८ बमोजिमको उपसमितिहरु गठन गर्ने अधिकार रहनेछ। | कार्यकारिणी समितिको काम कर्तव्य र अधिकार थप गर्नु पर्ने भएकोले। |
| (१०) | साविकमा व्यवस्था नभएको। | कर्मचारी नियुक्त गर्ने र पारिश्रमिक तोक्ने अधिकार रहनेछ। | कार्यकारिणी समितिको काम कर्तव्य र अधिकार थप गर्नु पर्ने भएकोले। |
| | **परिच्छेद - ५ (पाँच)**<br>**पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार** | | |
| १६ | | | |
| १ | अध्यक्ष | | |
| (ख) | यस संगठनको सम्पूर्ण रेखदेख गर्नेछ र आवश्यकता अनुसार पदाधिकारी र सदस्यहरुलाई निर्देशन गर्नेछ। | यस समाजको सम्पूर्ण रेखदेख गर्नेछ र आवश्यकता अनुसार पदाधिकारी र सदस्यहरुलाई निर्देशन गर्नेछ। | समाज शब्दले सेब्सको भुमिका दर्शाउने भएकाले। |
| २ | उपाध्यक्ष (Vice-President) | | |
| (ख) | संगठनको दैनिक कार्य सञ्चालनमा अध्यक्षलाई सहयोग र कार्यकारिणी समितिका कार्यहरुमा सक्रिय सहभागिता राख्नेछ। | समाजको दैनिक कार्य सञ्चालनमा अध्यक्षलाई सहयोग र कार्यकारिणी समितिका कार्यहरुमा सक्रिय सहभागिता राख्नेछ। | समाज शब्दले सेब्सको भुमिका दर्शाउने भएकाले। |
| (घ) | साधारण सभा र वार्षिक साधारण सभामा यस (संगठन) संगठनका | साधारण सभा र वार्षिक साधारण सभामा यस समाजका | समाज शब्दले सेब्सको भुमिका दर्शाउने भएकाले। |

| | | | |
|---|---|---|---|
| | क्रियापलापहरुको प्रतिवेदन तयार पारी पेश गर्नेछ। | क्रियापलापहरुको प्रतिवेदन तयार पारी पेश गर्नेछ। | |
| ४ | कोपाध्यक्ष (Treasurer) | | |
| (क) | यस संगठनको आय-व्ययको अभिलेख रीतपूर्वक राख्नेछ। | यस समाजको आय-व्ययको अभिलेख रीतपूर्वक राख्नु पर्नेछ।<br>समाजको सम्पूर्ण चल, अचल सम्पत्तिको अद्यावधिक विवरण राख्ने तथा संरक्षण समेत गर्नु पर्नेछ। | कोपाध्यक्षको काम कर्तव्य र अधिकार विस्तार गर्नु पर्ने भएकोले। |
| (ङ) | व्यवस्था नभएको | | |
| ६ | सदस्य-सचिव (Member Secretary) | हटाईएको। | महासचिवको व्यवस्था भएको र सदस्य सचिवको काम महासचिवले गर्ने हुँदा आवश्यक नभएकोले। |
| | **परिच्छेद -६**<br>**आर्थिक व्यवस्था** | | |
| १९ | कोष | | |
| (२) | सेव्स कम्प्लेक्स फण्ड | हटाइएको | आवश्यक नभएको ले। |
| (४) | साबिकमा दफा ३१(९) मा व्यवस्था भएको। | सेव्स-राष्ट्रव्यापी छात्रवृत्ति कार्यक्रम कोष:<br>दैनिक कार्य संचालन गर्न एक साधारण सेव्स-राष्ट्रव्यापी छात्रवृति कार्यक्रमको कोषको व्यवस्था गरिनेछ जसको संचालन सेव्स अध्यक्ष र सेव्स-राष्ट्रव्यापी छात्रवृति कार्यक्रमको कार्यक्रम प्रमुखको अनिवार्य दस्तखत हुनु पर्नेछ। | दफा ३१(९) बाट सारेको। |
| २० | लेखा परीक्षण | | |
| (१) | प्रत्येक वर्षको आषाढ मसान्तभित्र आय व्याय विवरणको लेखा परीक्षण गराइने छ। | प्रचलित कानूनमा तोकिएको समय भित्र वित्तिय विवरणको लेखापरिक्षण गराइने छ। लेखापरिक्षकको नियुक्ति वार्षिक साधारण सभाले गर्ने छ। | प्रचलित कानूनी व्यवस्था बमोजिम गर्न आवश्यक भएकोले। |

CamScanner

| | |
|---|---|
| | परिच्छेद - ७<br>विविध |

| | | | |
|---|---|---|---|
| २१ | निर्वाचन सम्बन्धी व्यवस्था | | |
| (१) | निर्वाचन समिति | | |
| (घ) | निर्वाचन समितिको चयन वार्षिक साधारण सभाले गर्नेछ । | निर्वाचन समितिको चयन कार्यकारिणी समितिले गर्नेछ र वार्षिक साधारण सभाद्वारा अनुमोदन गराइने छ । | साधारणसभा भन्दा अगावै निर्वाचन सम्बन्धी कार्य गर्नु पर्ने भएकोले । |
| (३) | संस्था दर्ता भएको छ महिना भित्र हालको प्रबन्ध समितिले विधान अनुरुप निर्वाचन गराई विधिवत् कार्यकारिणी समितिको गठन बारे स्थानीय अधिकारीलाई जानकारी गराउनेछ । | (३) हटाईएका । | हाल उक्त व्यवस्था सान्दर्भिक नभएकोले । |
| २२ | कार्यकारिणी समितिको निर्वाचनमा उम्मेदवार हुनका लागि योग्यता | | |
| (१) | योग्यता | | |
| (घ) | सेव्समा दर्ता भै दर्ता नविकरण गराएको सदस्य हुनुपर्दछ । | सेव्सको सक्रिय वा आजिवन सदस्य हुनुपर्दछ । | उम्मेदवार हनका लागी सदस्यताको किसिम स्पष्ट पारिएको । |
| (च) | कम्तिमा २५ वर्षको उमेर पुगेको हुनु पर्नेछ । | अध्यक्ष र उपाध्यक्ष पदमा पच्चीस वर्ष वा सो भन्दा माथिका उमेरका सदस्यहरुले मात्र उम्मेदवारी दिन सक्नेछन् । | अन्य पदमा उमेर हद तोक्न आवश्यक नभएकोले । |
| (छ) | कम्तिमा स्नातक तह उत्तिर्ण गरेको हुनु पर्नेछ । | हटाइएको । | शैक्षिक योग्यताको आधारमा नेतृत्व गर्न अवसरबाट बञ्चित गर्न उपयुक्त नभएकोले । |
| (झ) | साविकमा व्यवस्था नभएको । | उम्मेदवारले कार्यकारिणी समितिको कार्यकाल भरी नेपालमा रहने स्वः घोषणा गर्नु पर्ने छ । | कार्यकारिणी समितिको स्यायित्वको लागी आवश्यक भएकोले । |
| (ञ) | साविकमा व्यवस्था नभएको । | निर्वाचन हुने वार्षिक साधारण सभामा उम्मेद्धवारहरु स्वयम उपस्थित नभएमा उम्मेद्धारी स्वत रद्द हुनेछ । | उम्मेद्धवारहरु वार्षिक साधारण सभामा उपस्थित भई आफ्ना योजना र |

CamScanner

| | | | |
|---|---|---|---|
| | | | प्रतिवद्धताहरु प्रस्तुत गर्नु पर्ने भएकोले । |
| (२) | कार्यकारिणी पद रिक्त हुने अवस्था | | |
| (घ) | साविकमा दफा १५(७) मा व्यवस्था भएको । | समितिलाई पूर्व जानकारी नगराई लगातार ३ (तीन) पटकसम्म कार्यकारिणी समितिको बैठकमा अनुपस्थित भएमा निजलाई निस्काषित गरी कार्यकारिणी समितिले उक्त पदमा नयाँ सदस्य मनोनयन गर्न सक्नेछ । | साविक दफा १५(छ) बाट हाल दफा २२(२,घ) मा सारेर स्पष्ट समेत पारिएको । |
| २३ | अविश्वासको प्रस्ताव | | |
| (१) | आफ्नो जिम्मेवारीको इमान्दारीपूर्वक पूरा नगरेको भनी कार्यकारिणी समिति उपर साधारण सदस्यहरु मध्ये १० जनाको प्रस्ताव र १० जनाको समर्थन सहित अविश्वासको प्रस्ताव विधिवत् दर्ता भई साधारण सभाको उपस्थित सदस्य संख्याको २/३ बहुमत द्वारा पारित भएमा कार्यसमिति भङ्ग हुनेछ । | आफ्नो जिम्मेवारी इमान्दारीपूर्वक पूरा नगरेको भनी कार्यकारिणी समिति उपर साधारण सदस्यहरु मध्ये १० जनाको प्रस्ताव र १० जनाको समर्थन सहित अविश्वासको प्रस्ताव विधिवत् दर्ता भएमा कार्यकारिणी समितीले एक महिना भित्र विशेष साधारण सभा बोलाउने छ । साधारण सभाको उपस्थित सदस्य संख्याको २/३ बहुमत द्वारा अविस्वासको प्रस्ताव पारित भएमा सोही साधारण सभाले निर्वाचन समिति गठन गरी नया कार्य समितिको निर्वाचन प्रकृया अगाडी बढाउने छ । नया कार्य समितिको निर्वाचन नहुञ्जेल सम्म, समाजको नियमित कार्यहरु बहालवाला कार्यसमितिले नै गर्नेछ ।<br><br>निर्वाचित भएको र अविस्वासको प्रस्ताव बिफल भएको छ (६) महिनासम्म अविश्वासको प्रस्ताव राख्न पाइने छैन । | अविस्वास प्रस्ताव सम्बन्धी प्रकृया स्पष्ट पारिएको । |
| २५ | नियम बनाउने | | |

| | | | |
|---|---|---|---|
| | कार्यकारिणी समितिले दैनिक कार्य सञ्चालन गर्न आवश्यक परेमा उचित एवं अनुकूल नियम बनाई लागू गर्न सक्नेछ। | कार्यकारिणी समितिले यो विधान संशोधन भएको तिन (३) महिना भित्र नियमावली तयार गरी लागु गर्नु पर्नेछ। उक्त नियमावली र सो को संशोधन साधारण सभाबाट अनुमोदन गराउन पर्ने छ। कार्यकारिणी समितिले यो विधान र नियमावलीको अधिनमा रहि कार्यविधी र निर्देशिका तयार गर्न तथा संशोधन गर्न सक्ने छ। | नियमावली, कार्यविधी तथा निर्देशिका सम्बन्धमा प्रस्ट पारिएको। |
| २८ | उपसमितिको व्यवस्था | | |
| | यस संगठनको कार्यमा सघाउन आवश्यकता अनुरुप अन्य उपसमितिहरुको व्यवस्था गर्न सकिने छ। | यस समाजको कार्यमा सघाउन आवश्यकता अनुरुप अन्य उपसमितिहरुको व्यवस्था गर्न सकिने छ। | समाज शब्दले सेब्सको भुमिका दर्शाउने भएकाले। |
| २९ | सल्लाहकार समिति (Advisory Board) | सल्लाहकार समिति (Advisory Board) | सल्लाहकार समितिको सदस्यता तथा काम कर्तव्य र अधिकार पुनः परिभापित गरिएको। |
| १ | कार्यकारिणी समितिलाई सल्लाह र सहयोग दिने उद्देश्यले सल्लाहकार समितिको गठन वार्षिक साधारणसभा वा वार्षिक साधारणसभाले तोकेको एक समितिले गर्न सक्नेछ। सल्लाहकार समितिमा निम्नानुसार पदेन र मनोविन सदस्यहरु रहने छन्।<br><br>(क) प्रधानाध्यापक - बूढानिलकण्ठ स्कूल - पदेन सदस्य<br>(ख) फोब्स (FOBS) बाट मनोनित एक सदस्य - पदेन सदस्य<br>(ग) सेब्सका लागि बूढानिलकण्ठ स्कूलका सम्पर्क अध्यापक - पदेन सदस्य<br>(घ) गत वर्षका कार्यकारी अध्यक्ष - पदेन सदस्य<br>(ङ) वार्षिक साधारणसभाले सेब्समा कम्तीमा पनि दश वर्षको संलग्नता | कार्यकारिणी समितिलाई सल्लाह र सहयोग दिने उद्देश्यले सल्लाहकार बोर्डको गठन वार्षिक साधारणसभा वा वार्षिक साधारणसभाले तोकेको एक समितिले गर्न सक्नेछ। सल्लाहकार बोर्डमा निम्नानुसार पदेन र मनोनित गरी जम्मा ५ जना सदस्यहरु रहने छन् :<br><br>(क) प्रधानाध्यापक - बूढानिलकण्ठ स्कूल - पदेन सदस्य<br>(ख) फोब्स (FOBS) बाट मनोनित एक सदस्य - सदस्य<br>(ग) सेब्सका लागि महत्वपूर्ण योगदान दिएका एक सदस्य - सदस्य<br>(घ) कार्यकारिणी समितीको निवर्तमान अध्यक्ष - पदेन सदस्य | |

| | | | |
|---|---|---|---|
| | सक्रिय र दुई वर्षको कार्यकारीणीको अनुभव भएको सदस्य मध्येबाट मनोनित गरेको जना ३ सदस्यहरु । | (ङ) हाल बहाल रहेको अध्यक्ष - सदस्य सचिव | नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय काठमाडौं |
| २ | सल्लाहकार समिति प्रत्येक २ वर्षमा पुर्नगठन गरिने छ र समितिको वैठक कम्तीमा तीन महिनाको एक पटक बस्नु पर्नेछ । | सल्लाहकार समिति प्रत्येक २ वर्षमा पुर्नगठन गरिने छ । समितिको वैठक कम्तीमा वर्षको एक पटक अनिवार्य रुपमा बस्नु पर्नेछ । | |
| ३ | साविकमा व्यवस्था नभएको । | सल्लाहकार बोर्डले कार्यकारीणि समीतको काम कार्वाही सम्वन्धमा जानकारी लिई उपयुक्त सल्लाह र सुझाव दिनेछ । तर उक्त सल्लाह र सुझाव बाध्यकारी हुने छैन । | |
| ३० | सल्लाहकार सभा (Advisory Council) | सेब्स सभा (SEBS Council) | |
| १(ग) | बूढानीलकण्ठ स्कूलमा अध्ययनरत "O" र "A" लेभल बाट १-१ जना सदस्यहरु । | हटाईएको । | अध्ययनरत विधार्थी प्रतिनिधी हटाएको र महिला प्रतिनिधीहरुको व्यवस्था गरेको । |

| | | | |
|---|---|---|---|
| १(ङ). | साविक व्यवस्था नभएको। | १ (ङ) महिलाहरु भएका शैक्षिक समूहहरुबाट लैङ्गिग प्रतिनिधित्व हुने गरी एक एक जना महिला सदस्यहरु। | |
| ३ | सल्लाहकार सभाको बैठक आवश्यकता अनुशार बस्न सक्नेछ तर वर्षको कम्तीमा ३ पटक बस्नु अनिवार्य हुनेछ। | सेब्स सभाको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ तर वर्षको कम्तीमा १ पटक बस्नु अनिवार्य हुनेछ। | बैठकको संख्या व्यवहारिक बनाइएको। |
| ४ | साविक व्यवस्था नभएको। | सभाको अध्यक्षता बहाल रहेका अध्यक्षले गर्नेछ। सभाको अन्य व्यस्था तोकिए बमोजिम हुनेछ। | सभाको प्रकृयालाई प्रष्ट बनाएको। |
| ३१ | सेब्स-राष्ट्रव्यापी छात्रवृत्ति कार्यक्रम -SEBS-NATIONWIDE SCHOLARSHIP PROGRAMME) | | |
| (३) | यस समितिको गठन वार्षिक साधारण सभाले गर्नेछ। समितिको कार्य अवधि ३ वर्षको हुनेछ। | यस समितिको गठन कार्यकारिणी समितिले गर्नेछ। समितिको कार्य अवधि २ वर्षको हुनेछ। | कार्यकारिणी समितिबाट गठन गर्दा प्रभावकारी हुने भएकोले। |
| (८) | सेब्स-राष्ट्रव्यापी छात्रवृत्ति कार्यक्रम (SEBS-NATIONWIDE SCHOLARSHIP PROGRAMME) को कार्यक्रम प्रमुख र अन्य कार्यसमितिलाई सेब्स कार्यसमितिले सल्लाहकार समितिको सुझाव अनुसार छनौट गर्नेछ। | हटाइएको। | उपदफा (३) को संशोधन पश्चात आवश्यक नभएको। |
| (९) | सेब्स-राष्ट्रव्यापी छात्रवृति कार्यक्रम कोष: दैनिक कार्य संचालन गर्न एक साधारण सेब्स-राष्ट्रव्यापी छात्रवृति कार्यक्रमको कोषको व्यवस्था गरिनेछ जसको संचालन सेब्स अध्यक्ष र सेब्स-राष्ट्रव्यापी छात्रवृत्ति कार्यक्रमको कार्यक्रम प्रमुखको अनिवार्य दस्तखत हुनु पर्नेछ। | हटाइएको र दफा २२(२)(घ)मा सारिएको | दफा २२(२)(घ) मा व्यवस्था गरिएको हुनाले। |

CS CamScanner